# राम्रो तरीका निर्देशिकाहरू

## राम्रो तरीका निर्देशिकाहरू के हुन् ?

स्ट्रिमको राम्रो तरीका निर्देशिकाहरुको उद्देश्य एशिया प्रशान्त क्षेत्रमा अनुसन्धान गरी वा स्थानीय तरीकाहरुबाट सिकिएको राम्रो पाठलाई एक आपसमा आदन प्रदान गर्ने हो । यिनीहरुको अध्ययनबाट मानिसहरु, संस्थाहरु र नीति निर्माताहरुले नयाँ तौर तरीकाबाट काम गर्न सक्छन् र त्यसले गर्दा जलचर श्रोतहरुको व्यवस्थापनबाट गरीब मछुवारहरुलाई फाइदा पुऱ्याउन सकिन्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

## राम्रो तरीका निर्देशिकाहरू किन ?

राम्रो तरीका निर्देशिकाहरु हाम्रो काम गर्ने ज्ञान, सीप, क्षमता र तरीकामा सुधार गर्न मद्दत गर्दछन् ।

## यि कसका लागि हुन् ?

राम्रो तरीका निर्देशिकाको उपयोग कर्ताहरुमा

- कृषि प्रसारकर्ता
- ग्रामिण क्षेत्रमा कार्यरत पदाधिकारीहरु
- समुदाय परिचालकहरु
- ग्रामिण समूह नेता-जानकार
- स्व-सहयोगी समूहहरु
- गैह सरकारी संस्थाहरु
- सरकारी निकायहरु
- दाताहरु
- अन्य जसले यसलाई उपयोगी महसुस गर्दछन् । उनीहरुले यसलाई उपयोग गर्न सक्दछन् ।

## हामीले किन उत्तम भन्दा राम्रो भन्यौं ?

जब हामी उत्तम तरीका हासिल गर्न कोशिस गर्दछौं त्यतिखेर हामीले नयाँ ज्ञान, नयाँ सीप प्राप्त गर्दै जान्छौ र कहिले काँही नयाँ स्वभाव पनि पत्ता लगाउँदछौ । त्यसले गर्दा हामीले पहिले उत्तम भनेको कुरा राम्रो मात्रै हुन जान्छ । हामीले प्राप्त गरेको यो उपयोगी पाठ जब हामी अरुसंग आदन प्रदान गर्न थाल्दछौ त्यतिखेर हामी राम्रो तरीकाको व्याख्या मात्र गरिरहेका हुन्छौं ।

## कसले बनाउन सक्छन् ?

राम्रो तरीका निर्देशिकाहरु आफूले हासिल गरेको उपयोगी पाठहरुलाई आपसमा बाँड्न कृषकहरु, मछुवारहरु, तिनीहरुसंग काम गर्नेहरु र विशेषज्ञहरुले तयार गर्न सक्दछन् । यो कार्यको लागि स्ट्रिमले सहयोग गर्न सक्छ ।

## यि निर्देशिकाहरू मैले कहाँबाट प्राप्त गर्न सक्छु ?

स्थानीय भाषामा तयार गरिएका राम्रो तरीका निर्देशिकाहरु स्ट्रिमका संचार व्यवस्थापकहरुबाट प्राप्त गर्न सकिन्छ । त्यसै गरी स्ट्रिमको क्षेत्रीय कार्यालय बैंकक थाइल्याण्डबाट पनि प्राप्त गर्न सकिन्छ । त्यसै गरी इन्टरनेटको http://www.streaminitiative.org\library\bpg\index.html बाट पनि प्राप्त गर्न सकिन्छ ।

### तपाईले भन्न सकनु हुन्छ .............

तपाईलाई यस सम्बन्धी धेरै जान्ने चाहाना भएमा वा कुनै प्रतिक्रिया दिन चाहानु भएमा वा कुनै सल्लाह चाहिएमा आफ्नो देशको स्ट्रिम संचार व्यवस्थापकसंग सम्पर्क राख्न सक्नु हुन्छ । नेपालमा स्ट्रिम संचार व्यवस्थापकको कार्यालय कृषि सूचना तथा संचार केन्द्र हरिहरभवनमा रहेको छ ।